# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११९५
टोलफ्रि नं: १६६००११६१९५

मिति : २०८०।०३।१०

## प्रेस बिज्ञप्ति

### मधेश दिवस मनाउने सम्बन्धमा विज्ञहरुसँग फलदायी विमर्श

मधेशी आयोगको ऐन २०७४ को प्रस्तावना र जिम्मेवारी अनुसार **"इतिहास र संस्कृतिको गहन अध्ययन गर्ने"** कानुनी अधिकार अनुसार यस आयोगले मधेशको परिभाषा, को को हुन मधेशी ? मधेश प्रोफाइल निर्माण, मधेशी समुदायको समस्या पहिचान, वर्ग पहिचान र राज्यमा मधेशी समुदायको सरकारी सेवामा पहुँच विषय अध्ययन गरी सकेका छन ।यसै क्रममा मिति २०८०।०३।१० गते आयोगको सभाकक्षमा वैठक वसी मधेश दिवसको मिति निक्यौंल गर्ने सम्बन्धमा पुर्व मन्त्री श्री लालवावु पण्डित, पुर्व मन्त्री श्री अनिल कुमार झा, सर्वोच्च अदालतका पुर्व न्यायाधिश श्री गिरिशचन्द्र लाल, उच्च अदालतका मुख्य न्यायाधिश श्री लोकेन्द्र मल्लिक, संविधानसभा सदस्य श्री लाल वावु यादव, लोकसेवा आयोगको पुर्व सदस्य श्री व्रहमदेव राय, पुर्व संविधानसभा सदस्य श्री सकलदेव सुतिहार लगायतका विज्ञ महानुभावहरुसँग विचार विमर्श भयो । जसमा नेपाल र नेपाली, मधेश र मधेशीलाई गौरवान्वित हुने गरेका मिति निर्णय गर्ने सोको लागि आर्थिक, सामाजिक, राजनीतिक र भौगोलिक आधारहरुमध्ये कुन चाही राम्रो हुन्छ भनी उद्देश्यका साथ आगामी दिनहरुमा सरोकारवालाहरुसँग गहन र सघन विमर्श गरी सो दिवस आयोजना गर्नको लागि आयोगले निर्णय गर्ने भनि फलदायी विमर्श भएको छ । यसको लागि कुन मिति उपयुक्त हुने हो सो को लागि सवै सरोकारवालाहरुको राय/सुझावको लागि आयोग आग्रह गर्दछ ।

सविता डंगोल
उपसचिव

**Email:** madheshicommission@gmail.com

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

आयोगको हेल्पलाईन नं. ११४८